**Solukhumbu Multiple Campus Research Journal**
[Yearly Peer Reviewed Journal]
ISSN: 2362-1400
Year 7, Volume 7, Issue 1, Dec. 2025
Solukhumbu Multiple Campus Research Development and Management Committee

# आख्यानात्मक विधा सिकाइको स्वरूप

**धर्मानन्द पन्त**

*Article History: Submitted 30th Nov. 2025; Reviewed 15th Oct. 2025; Accepted 12th Dec. 2025*

*Dharmananda Pant Email: pantdharma44@gmail.com*

*DOI: https://doi.org/10.3126/smcrj.v7i1.89290*

**_लेखसार_**

*प्रस्तुत लेखको शीर्षक 'आख्यानात्मक विधा सिकाइको स्वरूप' रहेका छ । आख्यानात्मक विधा सिकाइको सैद्धान्तिक स्वरूपको वर्णन गर्नु यस लेखको उद्देश्य रहेको छ । यस अध्ययनमा पुस्तकालयीय कार्य र सहभागीसँगको खुला अन्तर्वार्ताबाट सामग्रीहरू सङ्कलन गरिएको छ । प्राप्त तथ्यहरूलाई अध्ययन गरी तिनका मुख्य आशय तथा थिमलाई संक्षेपमा वर्णन गरिएको छ । वर्णनात्मक विधिको उपयोग गरिएको यस अध्ययनमा गुणात्मक अनुसन्धान ढाँचाको प्रयोग गरिएको छ । आख्यानात्मक विधाको विकास श्रुतिपरम्पराबाट भएको पाइन्छ । यसको लामो परम्परा हुनुका साथै लोकप्रिय पनि छ । एउटा आख्यानात्मक रचनाका लागि कथावस्तु, कथानक, कथा, पात्र तथा चरित्र-चित्रण, विचारतफ्व, परिप्रेक्ष्य, पर्यावरण, प्रतीक र बिम्ब, समय, गति र लय, भाषा : बुनोट र संरचना आदिको आवश्यकता पर्दछ । यी समग्र तफ्वहरूका आधारमा आख्यानको शिक्षण सिकाइ सहजीकरण गर्नुपर्ने हुन्छ । आख्यान विधा मूलतः श्रव्य पाठ्य विधा हो । यसमा घटनालाई काल्पनिक चरित्रका माध्यमबाट अभिव्यक्त गरिन्छ । यस विधाका माध्यमबाट विभिन्न सिकाइ कार्यकलाप गराउन सकिन्छ । आख्यानात्मक विधा सिकाइ सहजीकरण सरल हुनुका साथै विद्यार्थीहरूका लागि रूचिप्रद पनि छ । यसले सिकाइ दिगो बनाउन मद्दत गर्दछ ।*

***शब्द कुञ्जी :*** *आख्यानात्मक विधा, गद्याख्यान, भाषा सिकाइ, माध्यमिक तह, सिकाइ अनुभव*

## अध्ययनको परिचय

आख्यान विधा साहित्यका मुख्य चार विधा कविता, आख्यान, नाटक र निबन्धमध्ये लोकप्रिय विधा हो । संस्कृतको 'ख्या' धातुमा 'ल्युट' प्रत्यय र 'आ' उपसर्ग लागेर आख्यान शब्द बनेको हो । व्युत्पत्तिका आधारमा यस शब्दले भन्नु, घोषणा गर्नु, समाचार सुनाउनु आदि अर्थ दिन्छ । आख्यान शब्दले कथा र उपन्यास दुवै विधालाई जनाउँछ । आख्यान शब्दको व्यवहार आधुनिक साहित्यालोचनामा विशेष गरी कथा र उपन्यासको साझा संज्ञाकै रूपमा हुने गरेको भए पनि अङ्ग्रेजीको फिक्सन शब्दको व्युत्पत्तिगत अर्थतिर ध्यान दिँदा

आख्यानात्मकता वा फिक्सनालिटी खाली कथा र उपन्यास मात्रको लक्षण नभएर समस्त साहित्यकै लक्षण ठहरिन्छ (नेपाल, सन् २००५, पृ.२२) । आख्यान तफ्व खण्डकाव्य, महाकाव्य, नाटक आदि विधामा पनि पाइन्छ । यद्यपि कथा र उपन्यास यी दुई गद्याख्यानलाई प्रमुख मानिन्छ । कथा र उपन्यास विधालाई नेपालको विद्यालयदेखि विश्वविद्यालय तहसम्मको पाठ्यक्रममा समावेश गरिएको छ । कथा विधालाई प्रारम्भिक तहदेखि नै समावेश गरिएको छ तर उपन्यास विधा माध्यमिक तहको कक्षा ११ र १२ मा समावेश गरी पठनपाठन गर्ने गरिन्छ । कथा र उपन्यास दुवै आख्यान विधालाई भाषा सिकाइमा उपयोग गर्न सकिन्छ । घटनाक्रम मिलान गर्ने, कथाकथन गर्ने, सिप परीक्षण (सुनाइ, बोलाइ, पढाइ र लेखाइ) गर्ने, समीक्षा गर्ने आदि कार्यकलाप गर्ने गराउने र त्यसका आधारमा भाषिक सिकाइ सहजीकरण गर्ने प्रक्रिया अबलम्बन गर्न सकिन्छ । एउटा आख्यानात्मक कृतिका लागि कथावस्तु, कथानक, कथा, पात्र तथा चरित्र-चित्रण, विचारतफ्व, परिप्रेक्ष्य, पर्यावरण, प्रतीक र बिम्ब, समय, गति र लय, भाषा : बुनोट र संरचना आदिको आवश्यकता पर्दछ । यी समग्र तफ्वहरूका आधारमा आख्यानको शिक्षण सिकाइ सहजीकरण गर्नुपर्ने हुन्छ ।

भाषा शिक्षणमा साहित्यका विधालाई पनि पाठ्यवस्तुभित्र समावेश गरिएको हुन्छ । विद्यालय तहका भाषाका पाठ्यक्रममा समावेश गरिएका कथा र उपन्यास विधाको उपयोग गरी भाषाका चारवटै सिप सिकाइ सहजीकरण गरिन्छ त्यसै आधारमा आख्यान विधालाई भाषिक सिकाइमा पनि उपयोग गर्न सकिन्छ । भाषिक सिप, विषयवस्तुको ज्ञान, शब्दभण्डार क्षमताको विकास, भाषातफ्वसम्बन्धी क्षमताको विकास र आलोचनात्मक चिन्तनको विकास गर्न आख्यान विधाको उपयोग गरी भाषा सिकाइ गरिन्छ । आख्यान विधा मूलतः श्रव्य पाठ्य विधा हो । यसमा घटनालाई काल्पनिक चरित्रका माध्यमबाट अभिव्यक्त गरिन्छ (भण्डारी र अन्य, २०६७, पृ.१६ ) । आख्यान गद्य विधा भएकाले विद्यार्थीहरुलाई पठनबोध, कथाकथन आदि कार्यकलाप गराउन पनि यसको शिक्षण गर्नुपर्ने हुन्छ । माध्यमिक तहमा अध्ययनरत बालबालिकाहरुले आख्यान विधामा प्रयोग भएका घटना र पात्रहरुका बारेमा जिज्ञासा राख्दछन् । आख्यानमा यसपछि के होला ? कुन पात्रले के कस्तो जीवन भोगाइ भोगेको छ ? यसले कौतुहलता सिर्जना गरेको हुन्छ । आख्यान विधाका माध्यमबाट पाठको सस्वरवाचन गर्न लगाउने, शुद्ध उच्चारणको अभ्यास गराउने कठिन शब्दहरुको अर्थ खोजी गरी शब्दार्थ पत्ता लगाउने, प्रश्नोत्तर, घटनाक्रम मिलाउने, बुदा टिपोट र सारांश लेखन तथा कथाकथन र कथालेखनमा अभ्यास गराउनका लागि शिक्षक र विद्यार्थीहरुले कक्षाकोठामा के कस्ता अभ्यास अवलम्बन गरेका छन् भन्ने सन्दर्भमा आख्यानात्मक विधा सिकाइ सहजीकरणसम्बन्धी अध्ययन वाञ्छनीय देखिन्छ ।

## अध्ययनको उद्देश्य

प्रस्तुत अध्ययन *आख्यानात्मक विधा सिकाइको स्वरूप* शीर्षकको मूल समस्यामा केन्द्रित छ । आख्यानात्मक विधाको परिचय, यसको सिकाइ पक्ष आदि विषय अनुसन्धेय विषयका रूपमा राखेर यसको

निर्क्योल गर्न सकिन्छ । आख्यानात्मक विधा सिकाइको सैद्धान्तिक स्वरूपको वर्णन गर्नु यस अध्ययनको उद्देश्य रहेको छ ।

## अध्ययन विधि

यस अध्ययनमा पुस्तकालयीय कार्य र काठमाडौँ जिल्लाका माध्यमिक तह कक्षा नौदेखि बाह्रसम्म नेपाली भाषा शिक्षण गर्ने तीनजना शिक्षक सहभागीसँगको खुला अन्तर्वार्ताबाट तथ्य सङ्कलन गरिएको छ । प्राप्त तथ्यहरूलाई अध्ययन गरी तिनका मुख्य आशय तथा थिमलाई संक्षेपमा वर्णन गरिएको छ । वर्णनात्मक र व्याख्यात्मक विधिको उपयोग गरिएको यस अध्ययनमा गुणात्मक अनुसन्धान ढाँचाको प्रयोग गरिएको छ ।

## अध्ययनको औचित्य

आख्यान विधालाई माध्यमिक तहमा पहिलो विधाका रुपमा अध्यापन गरिन्छ । आख्यान विधाका पाठहरू अन्य विधाका पाठहरुका तुलनामा धेरै छन् । हुनत कथा भन्ने र सुन्ने परम्परा हाम्रो समाजमा धेरै पुरानो छ । आख्यानात्मक विधा विद्यालय तहदेखि विश्वविद्यालय तहको पाठ्यक्रममा पहिलो प्राथमिकतामा समावेश गरिएको पाइन्छ । यस सम्बन्धमा कक्षाकोठा अवलोकन, शिक्षकका आख्यानात्मक विधा बारेका धारणाको सङ्कलन र सम्बन्धित सैद्धान्तिक दस्तावेजहरूको अध्ययन विश्लेषण गर्नु सान्दर्भिक र औचित्यपूर्ण देखिन्छ ।

## व्याख्या तथा छलफल

**आख्यानात्मक विधाको परिचय :** आख्यानात्मक विधा गद्यमा रचना भएको कथात्मक सङ्कथन हो । संस्कृतको ‘ख्या’ धातुमा ‘ल्युट’ प्रत्यय र ‘आ’ उपसर्ग लागेर ‘आख्यान’ शब्द बनेको हो । व्युत्पत्तिका आधारमा यस शब्दले भन्नु, घोषणा गर्नु, समाचार सुनाउनु आदि अर्थ दिन्छ । आख्यान शब्दले कथा र उपन्यास दुवै विधालाई जनाउँछ । आख्यान शब्दको व्यवहार आधुनिक साहित्यालोचनामा विशेष गरी कथा र उपन्यासको साझा संज्ञाकै रूपमा हुने गरेको भए पनि अङ्ग्रेजीको फिक्सन शब्दको व्युत्पत्तिगत अर्थतिर ध्यान दिँदा आख्यानात्मकता वा फिक्सनालिटी खाली कथा र उपन्यास मात्रको लक्षण नभएर समस्त साहित्यकै लक्षण ठहरिन्छ (नेपाल, सन् २००५, पृ.२२) । प्रज्ञा नेपाली बृहत् शब्दकोशका अनुसार आख्यानात्मक शब्दको अर्थ कथा वा कथानकको शृङ्खला भएको; आख्यानसम्बन्धी भन्ने हुन्छ । आख्यान विधा गद्यमा कथात्मक सङ्कथन हो । यसमा सम्प्रेषण क्षमता निकै प्रभावकारी छ । प्राचीन कालमा यसले श्रोता मात्र पाएको थियो, तर अहिले सचेत पाठक पाएको छ । यस विधामा पाठक वा श्रोताले आफू र आफ्नो जीवनलाई देख्छ (श्रेष्ठ, २०७९, पृ.४) । आख्यान तत्त्व खण्डकाव्य, महाकाव्य, नाटक आदि विधामा पनि पाइन्छ । यद्यपि कथा र उपन्यास यी दुई गद्याख्यानलाई प्रमुख मानिन्छ । एउटा आख्यानात्मक कृतिका लागि कथावस्तु, कथानक, कथा, पात्र तथा चरित्र-चित्रण, विचारतत्त्व, परिप्रेक्ष्य, पर्यावरण, प्रतीक र बिम्ब, समय, गति र लय, भाषा : बुनोट र संरचना

आदिको आवश्यकता पर्दछ । यी समग्र तफ्वहरूका आधारमा आख्यानको शिक्षण सिकाइ सहजीकरण गर्नुपर्ने हुन्छ । आख्यान विधा मूलतः श्रव्य पाठ्य विधा हो । यसमा घटनालाई काल्पनिक चरित्रका माध्यमबाट अभिव्यक्त गरिन्छ (भण्डारी र अन्य, २०६७, पृ.१६ ) । साहित्यका विभिन्न विधामध्ये एक लोकप्रिय विधा आख्यानात्मक विधा हो । यसमा कथा र उपन्यास विधाका पाठहरू रहन्छन् । यस विधामा कथानक, पात्र तथा चरित्र-चित्रण, विचारतफ्व, परिप्रेक्ष्य, पर्यावरण, प्रतीक र बिम्ब, समय, गति र लय, भाषा : बुनोट र संरचना अदि तफ्वहरुको संयोजन तथा सुगठन रहेको हुन्छ । पाठ्यक्रममा समावेश गरिएका विधागत पाठहरुमध्ये आख्यानात्मक विधाका पाठहरुलाई भाषाका सिपहरुको सिकाइमा समेत केन्द्रित गर्न सकिन्छ ।

**आख्यानात्मक विधा सिकाइको परम्परा** : आख्यानको परम्परा श्रुति परम्पराबाट विकसित भएको पाइन्छ । आख्यान सिकाइको आद्य परम्परा रहेको छ । वेददेखि  लिएर निरन्तर आख्यान गतिशील रहेको छ । प्राचीन ग्रन्थमा कुनै न कुनै रूपमा कथातफ्व रहेको हुन्छ । सुरुमा लोकाख्यान र पछि आधुनिक आख्यान परम्पराको विकास भएको हो । प्रत्येक आख्यानमा कहानी हुन्छ । आख्यानात्मक विधा अखण्ड हुन्छ । यसमा आदि, मध्य र अन्त्यको सिलसिला मिलेको हुन्छ । पहिलेका ऋषिमुनिहरुले आफ्ना शिष्यहरुलाई शिक्षा तथा उपदेश दिने बेलामा आख्यानात्मक विधा सिकाइको स्वरुप झल्किन्छ । प्रसिद्ध पौरस्त्य आख्यानकार गुणाढ्यका कथाहरूको पाठकीय प्रभाव तथा शक्तिका सम्बन्धमा उपर्युक्त कुराहरु भनिएका हुन् । कथा जति सुने पनि नअघाउने, कथा सुन्दा सुन्दा खान नै बिर्सेर दुब्लाउने र कथा सुनेर मनभित्रका सबै कल्मसहरू सबै हटी पाप नै नास हुनेजस्ता शक्तिका बारेमा गरिएको चर्चा वास्तवमा बेठिक हो भन्न सकिन्न (श्रेष्ठ, २०७९, पृ.३) । हाम्रो पूर्वीय परम्परामा कथा सुनाएरै पिनास रोग मात्र होइन, ज्वरोसमेत निको पार्ने गरिन्छ (पूर्ववत्) । ग्रिसका कथावाचक इसप (Aesop) ले कथा भनेरै दासत्वबाट मुक्ति पाएका थिए भने क्रुद्ध जनताहरूबाट राजा पिसिस्ट्रेटसको ज्यान जोगाइदिए । उनको जीवनकाल ई.पू. ६२० देखि ५६० सम्म रहेको पाइन्छ । उनका नीतिकथाहरूमा पशु पात्रहरूद्वारा मानवीय धर्म र त्रुटिहरूलाई औँल्याइएको पाइन्छ । विद्यालयीय शिक्षा परम्पराम पनि आख्यानात्मक विधा सिकाइको स्पष्ट स्वरुप देखिन्छ ।  नेपालमा वि.सं. २०२८ भन्दा अघि र पछिका पाठ्यक्रमहरूमा आख्यानात्मक विधालाई समावेश गरिएको पाइन्छ । कक्षा नौ र दशमा हाल कथा विधाका पाठहरू समावेश गरिएको पाइन्छ । यस्तै कक्षा एघार र बाह्रमा कथा र उपन्यास समावेश गरिएको पाइन्छ । यसरी आख्यानात्मक विधा सिकाइको परम्परा पूर्ववैदिक परम्परादेखि वर्तमानसम्म निरन्तर चलेको पाइन्छ ।

**आख्यानात्मक विधाको पाठ्यक्रममा स्थान :** भाषिक सिकाइ सहजीकरण भाषा पाठ्यक्रमका उद्देश्यअनुरूप तय गरिन्छ । भाषा पाठ्यक्रमको उद्देश्य भाषिक सिपसँग रहन्छ । भाषाका चारवटा सिपहरू सुनाइ, बोलाइ, पढाइ र लेखाइमा दक्षता हासिल गर्ने उद्देश्यले भाषा सिकाइ सहजीकरण गरिन्छ । कथा र उपन्यास विधालाई नेपालको विद्यालयदेखि विश्वविद्यालय तहसम्मको पाठ्यक्रममा समावेश गरिएको छ ।

कथा विधालाई प्रारम्भिक तहदेखि नै समावेश गरिएको छ तर उपन्यास विधा माध्यमिक तहको कक्षा ११ र १२ मा समावेश गरी पठनपाठन गर्ने गरिन्छ । वि.सं. २०२८ भन्दा अघि र पछिका पाठ्यक्रमहरूमा आख्यानात्मक विधालाई समावेश गरिएको पाइन्छ । कक्षा नौ र दशमा हाल कथा विधाका पाठहरू समावेश गरिएको पाइन्छ । यस्तै कक्षा एघार र बाह्रमा कथा र उपन्यास समावेश गरिएको पाइन्छ । माध्यमिक शिक्षा पाठ्यक्रम २०७६ कक्षा ११ र १२ मा पनि आख्यानात्मक विधालाई समावेश गरिएको पाइन्छ । उक्त पाठ्क्रमले आख्यानात्मक विधाका पाठहरू रुचिपूर्ण हुने भएकाले कथा शिक्षण गर्दा पूर्वपठन, पठन र पठनपश्चात्का चरणमा बाँडी पूर्वानुमान गर्ने, सहकार्यात्मक पठन, छलफल र प्रस्तुतीकरण गर्नृ तथा प्रश्न निर्माण गराउने क्रियाकलाप पनि गराउन सुझएको पाइन्छ । वर्तमान पाठ्यक्रममा सामाजिक, मनोवैज्ञानिक र लोककथाका पाठहरू समावेश गरिएका छन् । आख्यानात्मक विधालाई पाठ्यक्रममा पहिलो र महफ्वपूर्ण विधाको स्थान प्रदान गरिएको पाइन्छ ।

**आख्यानात्मक विधा शिक्षणको प्रयोजन :** भाषा शिक्षणमा साहित्यका विधालाई पनि पाठ्यवस्तुभित्र समावेश गरिएको हुन्छ । विद्यालय तहका भाषाका पाठ्यक्रममा समावेश गरिएका कथा र उपन्यास विधाको उपयोग गरी भाषाका चारवटै सिप सिकाइ सहजीकरण गरिन्छ त्यसै आधारमा आख्यान विधालाई भाषिक सिकाइमा पनि उपयोग गर्न सकिन्छ । भाषिक सिकाइ सहजीकरण भाषा पाठ्यक्रमका उद्देश्यअनुरूप तय गरिन्छ । भाषा पाठ्यक्रमको उद्देश्य भाषिक सिपसँग रहन्छ । भाषाका चारवटा सिपहरू सुनाइ, बोलाइ, पढाइ र लेखाइमा दक्षता हासिल गर्ने उद्देश्यले भाषा सिकाइ सहजीकरण गरिन्छ । भाषिक सिप, विषयवस्तुको ज्ञान, शब्दभण्डार क्षमताको विकास, भाषातफ्वसम्बन्धी क्षमताको विकास र आलोचनात्मक चिन्तनको विकास गर्न आख्यान विधाको उपयोग गरी भाषा सिकाइ गरिन्छ । भाषाका पाठ्य पुस्तकमा समावेश गरिएका सबै विधाबाट विषय वस्तुको ज्ञान, भाषिक अनुभव, बोध, शब्द भण्डारको विकास, विभिन्न किसिमका अभिव्यक्तिको रचना क्षमतामा वृद्धि, शुद्धोच्चारण, वर्णविन्यासको शुद्ध प्रयोग, साहित्यप्रति झुकाव, स्वाध्यायन गर्ने बानी, सिर्जनात्मक क्षमताको विकास आदिको अपेक्षा गर्न सकिन्छ (अधिकारी र शर्मा, २०७४, पृ.१०४) । कथा शिक्षणबाट बाल बालिकाहरूको साहित्यप्रति अभिरुचि बढाउन र व्यक्तिको चरित्र निर्माणमा मद्दत पुग्नुका साथै भाषाका चारवटै सिपको विकास गराउन सकिन्छ । कथा शिक्षण गर्दा सस्वर र मौन पढाइ, कठिन शब्द तथा उखान टुक्काहरूको अर्थ र प्रयोग, बोध प्रश्नोत्तर, घटनाक्रम मिलाउने, सारांश कथन, लेखाइ सम्बन्धी अभ्यास, कथा रचना आदि कार्यकलापहरू गराउन सकिन्छ । भाषाका चारवटै सिप सिकाइका अतिरिक्त साहित्यप्रति रुचि जगाउनु र आख्यानात्मक तफ्वका आधारमा समीक्षा गराउन समेत आख्यान विधा सिकाइ सहजीकरण गर्नु पर्दछ ।

**आख्यानात्मक विधा सिकाइको स्वरूप** : आख्यानात्मक विधामा कथनात्मक शैलीको प्रधानता हुन्छ । लोककथात्मक र आधुनिक दुवै प्रकारका आख्यानहरूमा कथा कथन शैली रहन्छ । एकादेशमा... बाट प्रारम्भ

भएको लोककथा भन्नेलाई फूलको माला आदि लोकशैलीमा प्रस्तुत गरिन्छ र लोकभाषा, अनौपचारिक प्रस्तुतीकरण र लोकशिक्षाको उपयोग भएका लोककथाहरू लोक समाजमा परम्परित सम्पदाका रूपमा रहेका छन् (पराजुली र गिरी, २०८०, पृ.१७२) । आख्यानात्मक विधामा पात्रले नभनी लेखक आफैले केही कुरा भनेको हुन्छ । आख्यान गद्य विधा भएकाले विद्यार्थीहरूलाई पठनबोध, कथाकथन आदि कार्यकलाप गराउन पनि यसको शिक्षण गर्नुपर्ने हुन्छ । माध्यमिक तहमा अध्ययनरत बालबालिकाहरुले आख्यान विधामा प्रयोग भएका घटना र पात्रहरुका बारेमा जिज्ञासा राख्दछन् । आख्यानमा यसपछि के होला ? कुन पात्रले के कस्तो जीवन भोगाइ भोगेको छ ? यसले कौतुहलता सिर्जना गरेको हुन्छ । आख्यान विधाका माध्यमबाट पाठको सस्वरवाचन गर्न लगाउने, शुद्ध उच्चारणको अभ्यास गराउने कठिन शब्दहरुको अर्थ खोजी गरी शब्दार्थ पत्ता लगाउने, प्रश्नोत्तर, घटनाक्रम मिलाउने, बुँदा टिपोट र सारांश लेखन तथा कथाकथन र कथालेखनमा अभ्यास गराउनका लागि शिक्षक र विद्यार्थीहरुले कक्षाकोठामा के कस्ता अभ्यास अवलम्बन गरेका छन् भन्ने सन्दर्भमा आख्यानात्मक विधा सिकाइ सहजीकरणसम्बन्धी अध्ययन वाञ्छनीय देखिन्छ । आख्यानात्मक विधा सिकाइमा व्याख्यान, छलफल, प्रश्नोत्तर, प्रस्तुतीकरण, पठनबोध र अभिनय विधिको प्रयोग गरिएको पाइन्छ । बहुबौद्धिकता, आलोचनात्मक सोच, सहकार्यात्मक सिकाइजस्ता प्रक्रियाहरू पनि कक्षाकोठामा उपयोग गर्न सकिन्छ । यसरी आख्यानात्मक विधा लोकपरम्पराको श्रुतिपरम्पराबाट विकास भई वर्तमान समयमा लेख्य, पाठ्य तथा प्रविधिको विकाससँगै श्रव्य, श्रव्यदृश्य स्वरूपमा समेत विकसित भएको पाइन्छ । पहिले बुढापाका मानिसहरूले मनोरञ्जन र उपदेश दिन पिँढीमा बसेर केटाकेटी तथा अन्य मानिसलाई भन्ने र ती सबैले सुन्ने परम्पराबाट आज अनलाइन, रेडियो, टेलिभिजनमा समेत समावेश भएका पाइन्छन् ।

**भाषा सिकाइ र आख्यानात्मक विधा सिकाइको सम्बन्ध :** भाषा सिकाइ र भाषिक विधा सिकाइलाई अन्योन्याश्रित मानिन्छ । भाषा सिकाइमा भाषिक सिपहरू सुनाइ, बोलाइ, पढाइ र लेखाइमा सिकारूलाई सक्षम बनाउने काम गरिन्छ । विधागत पाठहरूलाई विषयवस्तु तथा माध्यमका रुपमा भाषा सिकाइमा उपयोग गरिन्छ । यस सन्दर्भमा सहभागीको अनुभव यस्तो रहेको छ : *मूलतः आख्यानात्म विधा माध्यमिक तहको पाठ्यक्रममा राखिसकेको हुनाले यसलाई माध्यमका रुपमा उपयोग गर्नुपर्ने हुन्छ । पहिलेको समयमा कुनै मानिसले लोककथालाई भनिराखेको हुन्थ्यो र अरुले सुन्ने गर्दथे, जुन वक्ता र श्रोता वा कथावाचक र श्रवणकर्ता हुने परम्पराबाट विकसित हुँदै गएको अवस्था हो । वर्तमान समयमा आख्यान विधाका माध्यमबाट सिकारुलाई भाषा सिकाइका कुराहरु सिकाउन सजिलो हुन्छ । जस्तै : कथामा रहेको कुन पात्रको माध्यमबाट के उद्देश्य पूरा गर्न खोजिएको छ ? दृष्टिविन्दु के छ ? छ भनेर बुझाइदिने र भाषा सिकाइका सुनाइ, बोलाइ, पढाइ र लेखाइ सिपहरुमा अभ्यास गराउन सकिन्छ । विधालाई हामीले सिकाइको माध्यम वा साधनका रुपमा लिएर अभ्यास गराउन सक्छौँ । अर्को कुरा चाहिँ विधामा भएका तथ्यहरुका आधारमा विभिन्न मौखिक वर्णन, लिखित वर्णन तथा समीक्षाजस्ता उच्च स्तरका कार्य पनि गराउन सकिन्छ (स्थलगत अध्ययन, २०८२)* ।

कथा र उपन्यास शिक्षणका कार्यकलापहरुलाई पूर्व शिक्षण, शिक्षण र उत्तर शिक्षण गरी तीन चरणमा शिक्षण गर्न सकिन्छ । लेखकीय शैलीको परिचय, कृति लेखनको सामाजिक, साँस्कृतिक पृष्ठभूमि, पाठ निष्कर्षको अनुमान, लेखक र पाठका बारेमा विद्यार्थीका व्यक्तिगत जानकारी, शीर्षकबारे छलफल, विशिष्ट पद पदावलीको चर्चा आदि गराई पाठप्रति रुचि जागरण गर्ने कार्य पाठ शिक्षणपूर्व गराउनु उपयुक्त हुन्छ । पाठ शिक्षणका क्रममा कथा वा उपन्यासको मुख्य आशय, आख्यान तत्त्व, परिवेश आदिको व्याख्या, छलफल, प्रश्नोत्तर, तुलना आदि गराउन सकिन्छ । उत्तर शिक्षण कार्यकलाप अन्तर्गत पाठमा भएका अभ्यासहरुका साथै सिपपरक कार्यकलापहरु गराउन सकिन्छ (घिमिरे,२०७७, ८९/९०) । यसप्रकार भाषिक सिप र समीक्षत्मक कार्यहरु गराई आख्यानात्मक विधा शिक्षण गर्न सकिने भएकाले भाषा सिकाइका उद्देश्य पूरा गर्न आख्यानात्मक विधाको सिकाइ सहजीकरण सहयोगी हुने तथ्य उजागर भएको छ ।

**आख्यानात्मक विधा शिक्षणको औचित्य** : सिकारूकेन्द्रित सिकाइ सहजीकरण, रूचिपूर्ण शिक्षण र सिकारूको सहभागीतामा बृद्धि गरी उच्च सिकाइ उपलब्धि हासिल गर्न आख्यानात्मक विधा सिकाइको महत्त्व सर्वोपरि रहेको छ । माध्यमिक तहमा आख्यान विधाका पाठहरूलाई विधाको क्षेत्र र क्रमअन्तर्गत समावेश गरिएको छ । आख्यानात्मक विधा सिकाइ सहजीकरण सरल हुनुका साथै विद्यार्थीहरूका लागि रूचिप्रद पनि छ । यसले सिकाइ दिगो बनाउन मद्दत गर्दछ । सिकाइलाई मूलतः चित्रमय र कथात्मक तरिकाले दिगो बनाउन सकिन्छ । कथात्मक तरिकाले भनिएको कुरा चाँडो सम्झिन्छ । अतः यो विधा लोकप्रिय छ । यसबाट उपदेश पनि दिन सकिन्छ । बाल्यकालमा प्रत्येक मानिसले कथा तथा आख्यानहरू सुनेर मनोरञ्जन लिने तथा शिक्षा प्राप्त गरेका अनुभव छँदै छन् । कक्षामा पनि बालबालिकाले नेपाली भाषा सिकाइमा कथा तथा अन्य आख्यानमा जोड दिने गरेको पाइन्छ । शिक्षक शिक्षिकाबाट कथा सुन्न रुचि गर्ने र यो क्रम साथीहरूबाट पनि सुन्ने, आफूले सुनाउने गरेको पाइन्छ । यसर्थ आख्यानात्मक विधामा सिकाइका लागि चाहिने उत्सुकता, कुतुहलता, रुचिपूर्णताले भरिपूर्ण आन्तरिक उत्प्रेरणा समेत रहेको पाइन्छ । अन्य विषयका तुलनामा आख्यान सिकाइमा विद्यार्थी सहभागीता पाइन्छ । यस सन्दर्भमा सहभागीको दृष्टिकोण यस प्रकार छ :

*साहित्यका विभिन्न विधाहरूमध्ये आख्यानात्मक विधाका माध्यमबाट सहज तरिकाले विद्यार्थीको बुझाइको विकास गर्न सकिन्छ । कविता र निबन्ध विधाको भन्दा कथा र उपन्यासका माध्यमबाट सहज तरिकाले बुझेको मैले पाएको छु । यसमा पनि विद्यार्थीलाई आख्यानभित्रको पात्र वा चरित्रका रूपमा उभ्याएर भूमिका निर्वाह गर्न लगाउन सकेमा त्यो पनि प्रभावकारी हुने देखिन्छ । यसबाट विषयवस्तु र भाषाशैली बुझ्न पनि सहज हुन्छ । यसमा विद्यार्थी आफैले आफ्नो भूमिका निर्वाह गर्ने हुँदा पढाइ, लेखाइतथा अन्य राम्रा नराम्रा पक्षको समेत सहज तरिकाले केलाउन सक्ने देखिन्छ (स्थलगत अध्ययन, २०८२) ।*

साहित्यका विधा सिकाइको मुख्य उद्देश्य पनि सिकाइप्रति रुचि जागृत गराई भाषाका चारवटै सिप सिकाइतर्फ उत्प्रेरित गराउनु नै हो । वर्तमान माध्यमिक शिक्षा पाठ्यक्रमले पनि यस पक्षमा जोड दिएको पाइन्छ । विद्यार्थी स्वयम्ले गरेर सिक्ने, रुचिपूर्वक सिक्ने, सक्रिय सहभागी हुने, सिकाइमा दिगोपन देखिने भएकाले यसको सिकाइ उपलब्धि पनि राम्रो देखिने हुन्छ, अतः आख्यानात्मक विधा सिकाइ भरपर्दो, विद्यार्थीको रुचिलाई समेत समेटेको विधा सिकाइका रूपमा पाइन्छ ।

## प्राप्ति

आख्यानात्मक विधा साहित्यको प्राचीन तथा लोकप्रिय विधाका रुपमा स्थापित रहेको पाइन्छ । यस विधाअन्तर्गत कथा र उपन्यास विधा रहेका छन् । यो गद्यमा तयार पारिएको कथात्मक सङ्कथन हो । यसमा सम्प्रेषण क्षमता निकै प्रभावकारी छ । प्राचीन कालमा आश्रममा ऋषिमुनिहरूले आफ्ना शिष्यलाई कथात्मक शैलीमा उपदेश दिने परम्परा रहेको पाइन्छ । यो श्रव्य विधाका रुपमा परिचित छ । आधुनिक शिक्षा प्रणालीमा कथा तथा उपन्यासलाई पाठ्यक्रममा समावेश गरी विद्यालय तथा विश्वविद्यालयका कक्षाहरूमा पठनपाठन भइरहेको पाइन्छ । विधागत पाठहरूलाई विषयवस्तु तथा माध्यमका रुपमा भाषा सिकाइमा उपयोग गरिन्छ । पाठ्यक्रममा पनि आख्यानात्मक विधालाई समावेश गरी कक्षाकोठाको सिकाइ सहजीकरणमा विभिन्न कार्यकलापहरू गराउने परम्परा रहेको पाइन्छ । विद्यार्थी सक्रियता, रुचिपूर्णता तथा विधागत लोकप्रियता यस विधा सिकाइका विशेषताका रुपमा रहेका छन् । यस विधाको सिकाइ भाषाका चारवटै सिप सिकाइमा उपयोगी रहेको पाइन्छ । कथा कथन, मौखिक वर्णन, चरित्रचित्रण तथा नाटकीकरण आदि कार्यकलापमा विद्यार्थीहरू सक्रिय हुने गरेको पाइन्छ । यस विधा सिकाइका माध्यमबाट विद्यार्थी स्वयम्लाई समेत स्वतन्त्र र रुचिपूर्ण सिकाइ गर्न मद्दत पुग्ने तथ्य उजागर भएको छ । वर्तमान समयमा पाठ्य, श्रव्य र श्रव्यदृश्य स्वरुपमा यो विधा विकसित भएको पाइन्छ । प्रविधिसँग जोडेर यसको सिकाइ समेत हुने गरेको पाइन्छ ।

## निष्कर्ष

आख्यानात्मक विधाको विकास श्रुतिपरम्पराबाट भएको पाइन्छ । यसलाई लोकप्रिय विधा मानिन्छ । आख्यानात्मक विधाअन्तर्गत कथा र उपन्यास पर्दछन् । अङ्ग्रेजीको फिक्सन शब्दद्वारा यसलाई चिनाइन्छ । लोककथाहरूबाट कथा सिकाइको अनौपचारिक परम्परा सुरु भएको पाइन्छ । संस्कृत साहित्यमा प्रसिद्ध आख्यानकार गुणाढ्यका कथाहरू चर्चित छन् भने ग्रिसका कथावाचक इसप (Aesop) का कथाहरु पाश्चात्य साहित्यका चर्चित कथाहरू मानिन्छन् । पूर्वीय र पाश्चात्य परम्पराबाट विकसित आख्यानात्मक पाठहरुको सिकाइमा महफ्वपूर्ण योगदान रहेको छ । एउटा आख्यानात्मक रचनाका लागि कथावस्तु, कथानक, कथा, पात्र तथा चरित्र-चित्रण, विचारतफ्व, परिप्रेक्ष्य, पर्यावरण, प्रतीक र बिम्ब, समय, गति र लय, भाषा : बुनोट र संरचना आदिको आवश्यकता पर्दछ । पाठ्यक्रममा पनि यस विधालाई समावेश गरी कक्षाकोठाको

सिकाइ सहजीकरणमा विभिन्न कार्यकलापहरू गराउने परम्परा रहेको पाइन्छ । विद्यार्थी सक्रियता, रुचिपूर्णता तथा विधागत लोकप्रियता यस विधा सिकाइका विशेषताका रुपमा रहेका छन् । यस विधाको सिकाइ भाषाका चारवटै सिप सिकाइमा उपयोगी रहेको पाइन्छ । कथा कथन, मौखिक वर्णन, चरित्रचित्रण तथा नाटकीकरण आदि कार्यकलापमा विद्यार्थीहरू सक्रिय हुने गरेको पाइन्छ । यस विधा सिकाइका माध्यमबाट विद्यार्थी स्वयम्लाई समेत स्वतन्त्र र रुचिपूर्ण सिकाइ गर्न मद्दत पुग्ने तथ्य उजागर भएको छ । आख्यानात्मक विधा सिकाइका माध्यमबाट सिकारूको भाषा सिकाइ दिगो बनाउन मद्दत गर्दछ । कथात्मक तरिकाले भनिएको कुरा चाँडो सम्झना हुने तथा सिकारूले सिकाइमा झन्झट नमान्ने प्रवृत्तिको विकास हुन्छ ।

**सन्दर्भ सामग्रीहरू**

अधिकारी, हेमाङ्गराज र केदारप्रसाद शर्मा (२०७४), *प्रारम्भिक नेपाली शिक्षण* (सातौं संस्क.), विद्यार्थी पुस्तक भण्डार ।

अमेरिकन साइकलजिकल एसोसिएसन (सन् २०२०) *पब्लिकेसन म्यानुअल अफ द अमेरिकन साइकलजिकल एसोसिएसन (सातौँ संस्क.)* ।

खनाल, पेशल (२०७२) *शैक्षिक अनुसन्धान पद्धति,* सनलाइट पब्लिकेशन ।

घिमिरे, दिनेश (२०७७), *भाषिक विधा शिक्षण : प्रयोजन र प्रक्रिया,* इन्टेलेक्चुअल बुक प्यालेस ।

ढुङ्गेल, भोजराज र दाहाल, दुर्गाप्रसाद (२०६४), *नेपाली कथा र उपन्यास,* एम.के. पब्लिसर्स एन्ड डिस्ट्रिब्युटर्स ।

नेपाल, घनश्याम (सन् २००५), *आख्यानका कुरा,* एकता बुक हाउस ।

पराजुली, मोतीलाल र जीवेन्द्र देव गिरी (२०८०), नेपाली लोक साहित्यको रूपरेखा (दोस्रो संस्क.), साझा प्रकाशन ।

भट्टराई, गोविन्दप्रसाद (२०७७), *पूर्वीय काव्य सिद्धान्त (दोस्रो संस्क.),* नेपाल प्रज्ञा प्रतिष्ठान ।

भट्टराई, रामप्रसाद (२०७५/०७६), *भाषिक अनुसन्धान विधि:* परिचय र प्रयोग (तेस्रो सस्क.), शुभकामना प्रकाशन प्रा.लि. ।

भण्डारी, पारसमणि र अन्य (२०६७), *नेपाली गद्य र नाटक,* विद्यार्थी पुस्तक भण्डार ।

शर्मा, मोहनराज र लुइटेल (२०६८), शोधविधि*(पाचौँ सस्क.),* साझा प्रकाशन ।

श्रेष्ठ, दयाराम (२०७९), *कथा दर्शन,* नेपाल प्रज्ञा प्रतिष्ठान ।

क्रेसबेल/ Creswell, J.W. (2009). Research Design Qualitative, Quantitative and Mixed Methods Approaches (3rd edition.). SAGE Publication.